लोक सेवा आयोग

# कृषि सामग्री कम्पनी लिमिटेड, प्राविधिक, सहायक प्रथम, वरिष्ठ सहायक (प्रा.स.) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०६।०५

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

## विषय : संस्थागत ज्ञान र सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ४० अङ्क

१. कृषि बालीको उत्पादन लागत कम गर्न अपनाउनुपर्ने उपायहरू वर्णन गर्नुहोस् । ५

२. गुणस्तरीय बीउको परिभाषा दिनुहोस् । नेपालमा समुदायमा आधारित बीउ उत्पादन कार्यक्रम (Community-based Seed Production Program) का प्रमुख उपलब्धि र चुनौतीहरू उदाहरणसहित लेख्नुहोस् । १+४=५

३. जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेका असरहरू औँल्याउँदै यसका नकारात्मक असर न्यूनीकरणका उपायहरू प्रस्तुत गर्नुहोस् । ३+२=५

४. जुटको रेटिङ (Retting) भनेको के हो? जुटको रेशा निकाल्ने प्रक्रिया (Fiber Extraction) वर्णन गर्नुहोस् । १+४=५

५. प्रांगारिक कृषि र असल कृषिबिचका भिन्नताहरू के के हुन्? नेपालमा प्रांगारिक कृषि प्रवर्धनका लागि चाल्नुपर्ने कदमहरू प्रस्तुत गर्नुहोस् । ३+७=१०

६. धान बालीको गुणस्तरीय बीउ उत्पादन र बीउ प्रमाणीकरण प्रक्रियाको व्याख्या गर्नुहोस् । ५+५=१०

### खण्ड "ख" — ४० अङ्क

७. हाटबजारमा कृषि उपजको मूल्य निर्धारण कसरी हुन्छ? ग्रामीण क्षेत्र तथा सहरमा हाटबजार सञ्चालनबाट कृषक तथा उपभोक्तालाई के-कसरी फाइदा पुग्न सक्छ? स्पष्ट गर्नुहोस् । २+३=५

८. खाद्य तथा पोषण सुरक्षाको अवधारणा स्पष्ट गर्दै यसका प्रमुख आधारस्तम्भहरू (Key Pillars) उल्लेख गर्नुहोस् । २+३=५

९. मूल्य अभिबृद्धि श्रृंखला भनेको के हो? उदाहरणसहित मूल्य अभिबृद्धि श्रृंखलाको नक्सा (Value Chain Map) तयार गर्नुहोस् । ५

१०. बिरूवाका आवश्यक खाद्य तत्त्वहरूमध्ये फस्फोरस र बोरोनका प्रमुख कार्यहरू र तिनको कमी हुँदा देखिने एक एक लक्षण र रोकथामका उपायहरू प्रस्तुत गर्नुहोस् । २+१+२=५

११. माटोको परिभाषा दिनुहोस् । नेपालको भौगोलिक विविधताका आधारमा पाइने माटोका प्रमुख प्रकार र कृषि उत्पादनमा तिनको महत्त्व बयान गर्नुहोस् । २+४+४=१०

१२. Biofertilizer भनेको के हो? Biofertilizer र Organic fertilizer बिचका समानता र भिन्नता प्रष्ट पार्दै नेपालको दिगो कृषि विकासमा यी दुबैको महत्त्व वर्णन गर्नुहोस् । २+४+४=१०

### खण्ड "ग" — २० अङ्क

१३. राष्ट्रिय कृषि नीतिले प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, संवर्धन एवम् सदुपयोग गर्न के-कस्ता नीतिहरू अख्तियार गरेको छ? मुख्य मुख्य व्यवस्थाहरूमाथि प्रकाश पार्नुहोस् । ५

१४. जीवनाशक विषादी भनेको के हो? जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को आधारमा वर्णन गर्नुहोस् । ५

१५. बीउ बिजन नियमावली, २०८१ अनुसार प्राविधिक उपसमितिका काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् । ५

१६. कृषि सामग्री कम्पनी लिमिटेडको आर्थिक प्रशासन विनियमावली, २०५९ ले गरेको रकमान्तरसम्बन्धी व्यवस्था खुलाउनुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

कृषि सामग्री कम्पनी लिमिटेड, प्राविधिक, सहायक प्रथम, वरिष्ठ सहायक (प्रा.स.) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०५।२४

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

## विषय : संस्थागत ज्ञान र सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ४० अङ्क

१. नेपालमा बीउ बिजनको गुणस्तर नियमन गर्न अपनाइएका प्रमाणीकरण र यथार्थ संकेतपत्र पद्धति बिचको भिन्नता बुँदागत रूपमा लेख्नुहोस् । ५

२. नेपालको कृषि क्षेत्रका विद्यमान समस्याहरू के के हुन्? कृषि क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका करतो हुनुपर्छ? लेख्नुहोस् । २+३=५

३. नेपाल कृषि अनुसन्धान परिषद्ले विकास गरेका मुख्य खाद्यान्न बालीहरू धान, मकै र गहुँका २/२ वटा जलवायु प्रतिरोधी जातहरूको नाम र तिनको प्रतिरोधी स्वभावको बारेमा लेख्नुहोस् । ५

४. नेपालमा कृषि क्षेत्रको आधुनिकीकरण अपेक्षाकृत रूपमा हुन नसक्नुको कारण र कृषिमा आधुनिकीकरणको लागि गर्नुपर्ने कार्यहरू बुँदागत रूपमा लेख्नुहोस् । २+३=५

५. जलवायु परिवर्तनले नेपालको कृषि क्षेत्रमा पारेका असरहरूको चर्चा गर्दै यसको प्रभाव न्यूनीकरण गर्न अपनाउनुपर्ने उपायहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

६. असल बीउका गुणहरू के के हुन्? स्वसेचित (Self pollinated) बालीको बीउ उत्पादन गर्दा ध्यान दिनुपर्ने पक्षहरूको व्याख्या गर्नुहोस् । २+८=१०

### खण्ड "ख" — ४० अङ्क

७. प्राथमिक तथ्यांक (Primary Data) र सहायक तथ्यांक (Secondary Data) बिचको भिन्नता उल्लेख गर्नुहोस् । साथै, कृषिमा प्राथमिक तथ्यांक संकलन गर्ने प्रमुख विधिहरू के के हुन्? लेख्नुहोस् । २+३=५

८. खाद्य सुरक्षा (Food Security) भनेको के हो? यसका आयामहरूसहित संक्षिप्त व्याख्या गर्नुहोस् । २+३=५

९. माटो परीक्षण किन आवश्यक छ? माटो परीक्षणको मुख्य चरणहरू र कृषि उत्पादनमा माटो परीक्षणको उपयोगिता प्रष्ट पार्नुहोस् । १+२+२=५

१०. हरियो मलको जानकारी दिँदै यसको प्रयोग गर्ने तरिका र फाइदाहरू प्रस्तुत गर्नुहोस् । १+२+२=५

११. कृषि मूल्य श्रृंखला (Agricultural Value Chain) र साधारण कृषि आपूर्ति श्रृंखला (Agricultural Supply Chain) बिचको भिन्नता उल्लेख गर्नुहोस् । नेपालमा अदुवाको मूल्य श्रृंखलामा देखिएका समस्याहरू के के हुन्? साथै, ती समस्या समाधानका व्यावहारिक उपायहरू संक्षिप्तमा प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

१२. माटोमा पाइने सूक्ष्म तत्त्वहरू (micronutrients) के के हुन्? बाली उत्पादनमा तिनीहरूको भूमिका तथा तिनको कमी हुँदा देखिने लक्षणहरू उल्लेख गर्दै सूक्ष्म तत्त्वहरूको उपलब्धतामा प्रभाव पार्ने कारकहरूको सम्बन्धमा स्पष्ट पार्नुहोस् । २+४+४=१०

क्रमश:

## खण्ड "ग"

२० अङ्क

१३. राष्ट्रिय कृषि नीति, २०६१ का उद्देश्यहरू उल्लेख गर्नुहोस् । ५

१४. राष्ट्रिय मल नीति, २०५८ ले मल आयातलाई भरपर्दो, प्रतिस्पर्धी तथा पारदर्शी बनाउन के-कस्तो रणनीति अवलम्बन गरिने व्यवस्था गरेको छ? खुलाउनुहोस् । ५

१५. बीउ बिजन नियमावली, २०८१ बमोजिम रैथाने बीउ बिजन भनेको के हो? स्पष्ट पार्नुहोस् । ५

१६. व्यावसायिक कार्ययोजना भनेको के हो? कृषि सामग्री कम्पनी लिमिटेडले मलको वितरण सहज बनाउन कस्तो व्यावसायिक कार्ययोजना बनाउनुपर्दछ? बुँदागत रूपमा लेख्नुहोस् । २+३=५

:: समाप्त ::